# <u>अरुण गाउँपालिकाको आर्थिक ऐन २०७५</u>

**गाउँसभाबाट स्वीकृत मितिः २०७५।३।३१**

अरुण गाउँपालिकाको **अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** अरुण गाउँपालिकाको आर्थिक वर्ष 2075/076 को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा 228 को उपधारा (2) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, 2075" रहेको छ ।

**(2) यो ऐन स्वीकृत भएको मिति देखि लागू हुनेछ ।**

२. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र **अनुसूचिमा तोकिए** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै **वा आंशिक** तवरले वहालमा दिएकोमा **अनुसूचिमा तोकिए बमो**जिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूचिमा तोकिए** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूचिमा तोकिए** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचिमा तोकिए** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचिमा तोकिए** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा **अनुसूचिमा तोकिए** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूचिमा तोकिए** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूचिमा तोकिए** बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत **अनुसूचिमा तोकिए** बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट **अनुसूचिमा** उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४। माथि उल्लिखित शीर्षकमा नसमेटिएको विषयमा समेत अनुसूचीमा भए बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।**

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

आ.व. २०७५/०७६ बाट लागू हुने गरी अरुण गाउँपालिका क्षेत्रभित्र देहाय अनुसारको सेवा शुल्क तथा दस्तुर लगाउन तथा नीति अवलम्बन गर्न गाउँसभाबाट पारित गरिएको छ :-

(१) सम्पत्ति कर :–

गाउँपालिका क्षेत्रभित्र एकिकृत सम्पत्ति कर लगाउन यसै आर्थिक बर्षदेखि गृहकार्य गर्नका निमित्त सरोकारवाला निकाय सँग छलफल गरि आवश्यक कार्यविधि तय गर्ने ।

(२) भूमी कर ( मालपोत ) :–

गाउँ पालिका क्षेत्रभित्र भूमि कर, मालपोत कर लगाईने र अशुल उपर गर्ने ।

(३) घर वहाल कर :–

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिईएको कूल रकमको १० प्रतिशत वहाल कर लिने ।

(४) व्यवसाय कर :–

गाउँ पालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाईने र असुल उपर गर्न उपयुक्त देखिन्छ । जसका लागि गाउँपालिका कार्यालयबाट सम्वन्धित गाउँपालिका मातहत रहेका व्यवसायहरुको पहिचान गर्ने र व्यवसाय कर लिने ।

(५) जडीबुडी, कवाडी र जीवजन्तु कर :–

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा सँस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत देहाय अनुसारको कर लगाउने असुल उपर गर्ने ।

- साना गाडि प्रति पटक रु.१०००
- ठूलो गाडि प्रति पटक रु २०००

(६) सवारी साधन कर :–

गाउँ पालिका क्षेत्रभित्र प्रचलनमा रहेका वा प्रयोगमा रहेका सवारी साधनहरको संख्या एकिन गरी दर्ता प्रकृयालाई व्यवस्थित बनाउने कार्यलाई यसै आ.व.बाट सुरु गरी करको दर निधो गर्ने ।

(७) विज्ञापन कर :–

गाउँ पालिका क्षेत्रभित्र हुने विज्ञानपनहरुमा देहाय अनुसारको विज्ञापन कर लगाउन उपयुक्त हुने–

- स्थानीय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.१५ का दरले ।
- राष्ट्रिय वा ठूलो उत्पादान/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.५० का दरले ।

(८) मनोरञ्जन कर :–

जिल्ला प्रशासन कार्यालयबाट मेला सञ्चालनको स्वीकृति एवं अनुमति लिइ गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्नात्मक प्रबृत्तिका कार्यक्रम, पर्व, मेला वा महोत्सवहरु सञ्चालन गरेबापत प्रति मेला एकमुस्ट रु ५०००।- रुपैयाँ लिने ।

(९) वहाल बिरौटी कर :–

गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका हाट-बजार, पसल वा अन्य कुनै प्रकारको व्यवसायिक भवन प्रयोगमा ल्याईएकोमा प्रतिस्पर्धाको आधारमा हुन आउने अधिकतम रकम बहाल बिटौरी करको रुपमा लगाउने ।

(१०) पार्किङ्ग शुल्क :–

गाउँपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत देहाय बमोजिमको पार्किङ्ग शुल्क लिने :–

- दुई पाङ्ग्रे सवारी साधनलाई प्रतिदिन रु.५
- ट्याक्सीलाई प्रतिदिन रु.१०
- यात्रुवाहक बसलाई प्रतिदिन रु.२०
- मालवाहक ठूला गाडिहरुलाई प्रतिदिन रु.५०

(१२) ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क :–

गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुको तथ्याङ्क सङ्कलन गरी शुल्क लगाउने प्रकृयालाई अगाडि बढाउन उपयुक्त नीति अवलम्बन गर्ने ।

(१३) पर्यटन शुल्क :–

यस गाउँ पालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाईने कार्यलाई यसै आ.व.बाट सुरु गर्न आवश्यक नीति अवलम्बन गर्ने ।
(१४) सेवा शुल्क र दस्तुर :– गाउँ पालिका क्षेत्रभित्र देहाय अनुसारको सेवा, शुल्क तथा दस्तुर लिने:

तालिका तथा अनुसूचीहरु

अरुण गाउपालिकाको आन्तरिक आय व्यवस्थापन गर्न चालु आ.व.२०७५/०७६ वाट लागु हुने गरि गाउँकार्यपालिमा प्रस्ताव गरिएका कर, शुल्क र महशुलको दर रेटहरु देहाय बमोजिम पारित गरिएको छ ।

१. व्यवसाय करको दर रेट देहाय बमोजिम पारित गरिएको छ ।

| सि .नं | व्यावशायको नाम/दर्ता/नविकरण | | श्रेणी क | श्रेणी ख | श्रेणी ग | श्रेणी घ |
|---|---|---|---|---|---|---|
| १ | किराना पसल दर्ता/नविकरण | | १०००।- | ८००।- | ५००।- | |
| २ | थोक बिक्रेता | १२०० ।- | | | | |
| ३ | होटल एण्ड लज | १००० ।- | | | | |
| ४ | रेस्टुरेण्ट | ८००।- | | | | |
| ५ | रेस्टुरेण्ट एण्ड वार | ५०००।- | | | | |
| ६ | होटल | ७००।- | | | | |
| ७ | मासु पसल | ५००।- | | | | |
| ८ | चिया नास्ता पसल | ३००।- | | | | |
| ९ | मिठाई पसल | ५००।- | | | | |
| १० | कपडा पसल | | १००० ।- | ७५०।- | ५००।- | |
| ११ | फेन्सी तथा तयारी पोशाक पसल | ७००।- | | | | |

| सि .नं | व्यावशायको नाम/दर्ता/नविकरण | | श्रेणी क | श्रेणी ख | श्रेणी ग | श्रेणी घ |
|---|---|---|---|---|---|---|
| १२ | श्रृगार सामाग्री पसल | ५००।- | | | | |
| १३ | निमार्ण ब्याबशाय तथा हार्डवेयर पसल | | २०००।- | १५००।- | १००० ।- | |
| १४ | भाडा बर्तन पसल | ७००।- | | | | |
| १५ | सुन चाँदी तथा गहना पसल | | २०००।- | १५००।- | | |
| १६ | पत्रिका स्टेसनरी पुस्तक पसल | ५००।- | | | | |
| १७ | फोटो स्टुडियो | | ७०० ।- (कलर ल्याव) | ५००।- | | |
| १८ | दन्त हस्पिटल | २०००।- | | | | |
| १९ | निजि अस्पताल,नर्सिङ होम | ३०००।- | | | | |
| २० | निजि क्लिनिक | १००० ।- | | | | |
| २१ | भेटनरी चिकित्सा | ५००।- | | | | |
| २२ | चश्मा पसल | ५००।- | | | | |
| २३ | स्टिल फर्निचर पसल | १००० ।- | | | | |
| २४ | काठको फर्निचर उधोग | ८००।- | | | | |
| २५ | ब्युटि पार्लर | ७००।- | | | | |
| २६ | टेलरिङ्ग सेन्टर,पसल | ५००।- | | | | |
| २७ | दुग्ध उत्पादन तथा बितरण | ५००।- | | | | |
| २८ | साईन बोर्ड बनाउने तथा आर्ट पसल | ५००।- | | | | |

| सि .नं | व्यावशायको नाम/दर्ता/नविकरण | | श्रेणी क | श्रेणी ख | श्रेणी ग | श्रेणी घ |
|---|---|---|---|---|---|---|
| २९ | घडी,रेडियो,क्यासेट, सिडी पसल इलेक्टोनिक सामान बिक्री पसल | ५००।- | | | | |
| ३० | टि.भि, रेफरीजेनेरेटर,कम्यटर,मोबाईल | १५०० ।- | | | | |
| ३१ | ग्यास डिलर | ८०० ।- | | | | |
| ३२ | बिजुलीका समान बिक्री पसल | ५००।- | | | | |
| ३३ | मोटर पार्टर्स मिल मेसनरी | १००० ।- | | | | |
| ३४ | कानुनी तथा प्राबिधिक परामर्श सेबा | १००० ।- | | | | |
| ३५ | लेखा पढि ब्याबशायी | ५००।- | | | | |
| ३६ | नेपाल सरकारको पुर्ण श्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक | | १२००० ।- | १०००० ।- | ५०००।- | ३०००।- |
| ३७ | सहकारी बैंक | | १२०० ।- | | | |
| ३८ | बिमा कम्पनि | | ७५००।- | | | |
| ३९ | विमा व्यावसाय | | १००० | | | |
| ४० | ढुवानि सेवा | | १००० ।- | | | |
| ४१ | टि.भी,कम्प्युटर,टेलिफोन,पंखा,डेग,रेडियो,क्यालकुलेटर घडी, एम्लिफायर,माईक आदि मर्मत | | ५००।- | | | |
| ४२ | हल्का पेय पदार्थ,जुस उत्पादन उधोग | | ६००।- | | | |
| ४३ | पाउरोटि,केकापेस्टि,डुनट उधोग | | २००।- | | | |
| ४४ | नुडल्स उधोग | | २००।- | | | |
| ४५ | कुटानी पिसानी उधोग | | ५००।- | | | |
| ४६ | कृषि,मल,बिउ,औजार तथा टिटनासक औषधी | | ७०० ।- | | | |

| सि .नं | व्यावशायको नाम/दर्ता/नविकरण | | श्रेणी क | श्रेणी ख | श्रेणी ग | श्रेणी घ |
|---|---|---|---|---|---|---|
| ४७ | होजियारी पसल | | ५००।- | | | |
| ४८ | पेटोल पम्प | | १५००।- | | | |
| ४९ | फलामको घरेलु सामान बिकी पसल | | ५००।- | | | |
| ५० | पोल्टि फर्म | | ३००।- | | | |
| ५१ | अलैची ब्यापार : पच्चिस लाख रुपयाँ सम्म | | १५०० ।- | | | |
| | पच्चिस लाख भन्दा माथि | | ३००० ।- | | | |
| ५२ | खोटो संकलन | | १००० ।- | | | |
| ५३ | रेडियो,एफ एम प्रशारण केन्द | | १०००।- | | | |
| ५४ | ड्राई क्लिनिङ्ग | | २००।- | | | |
| ५५ | ढाका बुनाई,बेत बाँस फर्निचर | | २००।- | | | |
| ५६ | इँटा टायल उधोग | | २०००।- | | | |
| ५७ | विरुबा नर्सरी | | ५००।- | | | |
| ५८ | भाषा प्रशिक्षण कोचिङ्ग सेन्टर | | १००० ।- | | | |
| ५९ | मनि टान्सफर | | १५०० ।- | | | |
| ६० | निजि क्षेत्रका क्याम्पस | | १५०० ।- | | | |
| ६१ | सिनेमा हल | | २०००।- | | | |
| ६२ | औषधी पसल | | १००० ।- | | | |
| ६३ | पुल स्नुकर | | १००० ।- | | | |
| ६४ | हस्तकला समान पसल | | १००।- | | | |
| ६५ | मोटर साईकल मर्मत | | ५००।- | | | |
| ६६ | बस तथा ह्याभी गाडी मर्मत ग्यारेज | | १०००।- | | | |

| सि .नं | व्यावशायको नाम/दर्ता/नविकरण | | श्रेणी क | श्रेणी ख | श्रेणी ग | श्रेणी घ |
|---|---|---|---|---|---|---|
| ६७ | शैलुन | | २००।- | | | |
| ६७ | समान ढुवानी कर्ता कम्पनी तथा कुरियर्स | | १००० ।- | | | |
| ६९ | चिठ्ठीपत्र कुरियर्स | | ५००।- | | | |
| ७० | कम्प्युटर प्रशिक्षण | | ५०० ।- | | | |
| ७१ | केबुल ब्यावशाय | | ३०००।- | | | |
| ७२ | खनिज उधोग | | १०००।- | | | |
| ७३ | फलफुल तथा तरकारी खुदा पसल | | २००।- | | | |
| ७४ | हबाई सेवा | | ५०० ।- | | | |
| ७५ | मध्य बजारक्षेत्र भन्दा बाहिरका ग्रामिण क्षेत्रमा खोलिएका किरान पसल तथा साना होटल | | ३००।- | | | |
| ७६ | भाडा उधोग तिन लाख भन्दा साना | | ३००।- | | | |
| ७७ | भाडा उधोग तिन लाख भन्दा माथि | | १००० ।- | | | |
| ७८ | निमार्ण ब्याबशायी गाउँपालिका भित्र रहेको | | २०००।- | ५०० ।-गाँउ पालिका भन्दा बाहिरको (पटके ) | | |
| ७९ | निजि क्षेत्रका बिद्यालय | | ६००।- प्रा.वि | | १०००।- मा.बि | |
| ८० | उच्च मा.बि. | | १००० ।- | | | |
| ८१ | अन्तर्राष्टिय गैरसरकारी संस्था | | ५०००।- | | | |
| ८२ | तालिम तथा अनुसन्धान केन्द्र | | १५००।- | | | |
| ८३ | बैदेशिक रोजगार सेबा प्रदान गर्ने म्यान पावर कम्पनी | | ३०००।- | | | |
| ८४ | सीपमुलक स्वरोजगार सेवा प्रदान गर्ने संस्था | | ५०० ।- | | | |
| ८५ | जुता चप्पल पसल | | ३००।- | | | |
| ८६ | भिडियो मेकर, फ्क्लेक्सप्रिटिङ्ग विविध लागत हेरी | | १००० | | | |

| सि .नं | व्यावशायको नाम/दर्ता/नविकरण | श्रेणी क | श्रेणी ख | श्रेणी ग | श्रेणी घ |
|---|---|---|---|---|---|
| ८७ | मनोरञ्जन कर | प्रवेश शुल्कको २ प्रतिशत | | | |
| ८८ | विज्ञापन कर प्रति स्कावर फुट | १५०० | | | |
| ८९ | डिष्टीलरी मदिरा व्यावसाय थोकबिकेता | १५०० ।- | | | |
| ९० | पार्क उड्यान पिक्निक ,स्पोट शुल्क | ५००।- | | | |
| ९१ | कन्सल्टेन्सी संस्था दर्ता | १००० ।- | | | |
| ९२ | हाउजिङ्ग कम्पनी तथा धर जग्गा खरिदविक्रि व्यवसाय दर्ता | २०००।- | | | |
| ९३ | पिन्टिङ्ग प्रेश,छपाई तथा प्रकाशन असेट प्रेस सहित खरिद | १००० ।- | | | |
| ९४ | कवाडी व्यवसाय दर्ता | ५००।- | | | |
| ९५ | आइसक्रिम वेच्ने पसल | १००।- | | | |
| ९६ | मुर्ति /उपहार पसल | १००। | | | |
| ९७ | सवारी साधन वेच्ने पसल | १००० ।- | | | |
| ९८ | पान पसल | १०० ।- | | | |
| ९९ | माटोको भाडा पसल | १००।- | | | |
| १०० | माइक्रो हाइड्रो १०किलोवाट सम्म | २०००।- | | | |
| १०१ | माइक्रो हाइड्रो १०किलोवाट भन्दा माथि | ५००० ।- | | | |
| १०२ | हस्तकला समान पसल | १००।- | | | |
| १०३ | वाखा पालन व्यवसाय | ३००।- | | | |
| १०४ | वंगुर पालन व्यवसाय | ३००।- | | | |
| १०५ | दुग्ध व्यवसाय | ३००।- | | | |

| सि .नं | व्यावशायको नाम/दर्ता/नविकरण | | श्रेणी क | श्रेणी ख | श्रेणी ग | श्रेणी घ |
|---|---|---|---|---|---|---|
| १०६ | मत्स्य पालन व्यवसाय | | ५०० ।- | | | |
| १०७ | कम्युटस गोलिया काठचिरान उद्योग प्रशिक्षण | | १५०० ।- | | | |
| १०८ | डिसहोम सेवा कम्पनी | | २०००।- | | | |
| १०९ | सोलर विद्युत सामाग्री पसल | | १०००।- | | | |
| ११० | चिराईतो व्यपार प्रति के.जी | | ५।- | | | |
| १११ | रुद्राक्ष व्यापारी प्रति व्यापारी | | ५०००।- | | | |
| ११२ | खयर व्यापार प्रति के.जी. | | २।- | | | |
| ११३ | माछा उद्योग जलारी | | १५००।- | | | |

नोट : माथि लेखिएका करको दरमा नसमेटिएका विषयहरुमा स्थानीय तह २०७४ आर्थिक ऐन बमोजिम न्यूनतम दर कायम हुने गरि सिफारिस गरिएको छ ।

**व्यवसाय कर प्रयोजनका लागि व्यवसायको श्रेणी विभाजन देहाय वमोजिम पारित गरिएको छ ।**

| ग श्रेणी | ख श्रेणी | क श्रेणी | कैफियत |
|---|---|---|---|
| तीन लाख रुपयाँ सम्म । | तिन लाख एक रुपयाँ देखि दश लाख रुपयाँ सम्म । | दश लाख एक रुपैया भन्दा माथि । | |

३. हाटवजार कर : आगामी आर्थिक वर्ष २०७४।०७५ देखि अरुण गा.पा. ३ स्थित बजार तथा यस गा.पा क्षेत्र भित्रको सबै वडाहरुमा लाग्ने बजारको विकीका लागि राखिने उपभोग्य वस्तुहरुमा लाग्ने हटियाकरको दर देहाय बमोजिम पारित गरिएको छ ।

| **क.सं.** | **विवरण** | **तोकिएको दर रेट** | **कैफियत** |
|---|---|---|---|
| १) | रांगाको मासुपसल (प्रति रांगो) | रु १००। | |
| २) | सुंगुरको मासुपसल ( प्रति सुंगुर) | रु १००। | |
| ३) | कुखुरा प्रतिगोटा | रु १०। | |

| | | | |
|---|---|---|---|
| ४) | जडीवुटी पसल | रु २५। | |
| ५) | जिउंदा रांगो प्रतिगोटा | रु १००। | |
| ६) | खसी,बोका प्रतिगोटा | रु ५०। | |
| ७) | जिउंदो सुंगुर प्रतिगोटा | रु ७०। | |
| ८) | सुंगुरको पाठो प्रतिगोटा | रु २५। | |
| ९) | खाद्यान्न सामाग्री पसल | रु २०। | |
| १०) | तरकारी पसल | रु २०। | |
| ११) | चिउरा पसल | रु २०। | |
| १२) | डोका नाङलो पसल | रु २०। | |
| १३) | खुद्रा किराना पसल | रु २०। | |
| १४) | फलफूल पसल | रु २०। | |
| १५) | कच्चा सूर्ति पसल | रु ३०। | |
| १६) | इलेक्ट्रोनिक्स सामान पसल | रु ४०। | |
| १७) | हटियाको दिन खालिने होटल | रु ५०। | |
| १८) | पाउरोटी पसल | रु १०। | |
| १९) | माटाका भाडा पसल | रु २५। | |
| २०) | तयारी कपडा जुत्ता पसल | रु ६५। | |
| २१) | हरेक माल खुद्रा घुमन्ते पसल | रु ३०। | |
| २२) | खसी बोकाको मासु पसल | रु १००। | |
| २३) | माछा (आलो) पसल | रु ७५। | |
| २४) | सुकुटी माछा पसल | रु २५। | |
| २५) | राडी गलैंचा पसल | रु ५०। | |
| २६) | घुमन्ते जादु प्रदर्शनी | रु ५०। | |
| २६) | कस्मेटिक श्रृंगार सामान पसल | रु ५०। | |
| २७) | स्थानीय उत्पादित फलामे औजार पसल | रु २५। | |
| २८) | अण्डा पसल | रु १०। | |
| २९) | छालाको सामान पसल | रु २०। | |
| ३०) | चटपटे पसल | रु २५। | |
| ३१) | झुल तन्ना आदि सामाग्रीको घुमन्ते पसल | रु ६५। | |
| ३२) | धातुका भांडा पसल | रु ६५। | |

क. ढक तराजुको नाप इकाइमा विकी हुने खाद्यान्न दाल चामल, आदि सामानहरुको कर निर्धारण गर्ने प्रयोजनका लागि वढीमा ५० केजी सम्मको सामानलाई प्रति इकाइ मानी तोकिएको दरमा हटियाकर

असुल गर्ने र सो भन्दा वढीको सामानहरुका हकमा प्रति ५०।५० केजीको शुरु तोकिएको दरमा खप्ट्याएर  हटियाकर असुल गर्न पारित गरिएको छ ।

ख. उल्लेखित निर्णयमा समावेश हुन छुट भएका सामानहरुको विक्रीका लागि  सबै बडाहरुमा लाग्ने हटियामा आएका सामानहरुको २५। प्रति व्यापारी असुल गर्न पारित गरिएको छ ।

**४. वार्षिक सवारी कर (गाँउ पालिका  क्षेत्र भित्रका) को दर रेट देहाय बमोजिम सिफारिस गरिएको छ ।**

| सि.नं. | सवारीको प्रकृति | वार्षिक शुल्क रु. |
|---|---|---|
| १ | बस, ट्रक तथा अन्य ह्याभी गाडी | २०००।- |
| २ | भाडाका कार जीप | ५००।- |
| ३ | भाडाका मिनी बस | ८००।- |
| ४ | निजी कार, निजी मिनी बस | ५००।- |
| ५ | स्कुटर, मोपेड, मोटर साइकल तथा अन्य सवारी | १००।- |
| ६. | ठेलागाडा तथा अन्य यस्ता प्रकारका सवारी साधन | २०।- |
| ७ | जेसिवि (वार्षिक) | १५०००। |
| ८ | स्काईभेटर(वार्षिक) | ३००००। |

**५. पटके सवारी करको दररेट देहाय बमोजिम पारित गरिएको छ ।**

| सि.नं. | सवारीको प्रकृति | एक पटकको रु |
|---|---|---|
| १. | बस, ट्रक, ट्रयाक्टर तथा अन्य ह्याभी सवारी साधनहरु | २०।- |
| २. | सानो जीप कार | १०।- |

**६.घर नक्सा पास दस्तुर तथा फाराम शुल्कको दररेट देहाय बमोजिम पारित गरिएको छ ।**

| **सि.नं.** | **विवरण** | **दररेट** |
|---|---|---|
| १ | घर नक्सा निवेदन दस्तुर | ३००।०० |
| २ | घर नक्सा किताव दस्तुर | ५००।०० |

| | | |
|---|---|---|
| ३ | घर नक्सा पास प्रयोजनका लागि सर्जमिन | ५००।०० |
| ४ | आवासीय R C C भवन निर्माण प्रति वर्ग फुट | २। |
| ५ | व्यापारिक R C C भवन प्रति वर्ग फुट | ३।- |
| ६ | पक्की इटा, ढुँङ्गा, माटो, वाँस, टायल, टिन, खपडा, एसवेस्टस प्रयोग गरी वनाएको घरमा प्रति वर्ग फिट | १।- |
| ७ | कम्पाउडवाल प्रति रनिङ्ग फिट | २।- |
| ८ | निर्माण भएका भवनको अभिलेखिकरण प्रति वर्ग फुट | २४।- |
| ९ | घर निर्माण सम्पन्न प्रमाण पत्र | १,०००।- |
| १० | घर नक्सा नामसारी दस्तुर एक तल्लामा | १,०००।- |
| ११ | घर नक्सा नामसारी दस्तुर दुई तल्लासम्म | २,०००।- |
| १२ | घर नक्सा नामसारी दस्तुर तिन तल्ला र सो भन्दा माथी | ३,०००।- |
| १३ | घर नक्साको प्रतिलिपिमा | १०००।- |
| १४ | गाँउ पालिका क्षेत्रमा निर्माण हुने भौतिक संरचनाको लेआउट गा.पा.को प्राविधिकवाट गराएमा सो वापत भौतिक संरचनाले ओगटने जग्गाको क्षेत्रफलमा भवनको प्रति वर्ग फिट | २।- |

**मालपोत अशुली दर : प्रति रोपनी**

| विवरण | अव्वल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | २०।- | १५।- | १०।- | ५।- |
| पाखा तर्फ | १५।- | १०।- | ७।- | ५।- |

नोट : न्यूनतम मालपोत दर रु २०।- कायम गरिएको छ ।

घरधुरी कर :

| घरको प्रकार | पक्की | च्यादर | टायल | फुस |
|---|---|---|---|---|
| दर | १००।- | ४०।- | ३०।- | २०।- |

**गाँउ पालिकाले सार्वजनिक सेवा प्रबाहमा नियमनका लागि देहाय बमोजिमको सेवा शुल्क को दर रेट पारित गरिएको छ।**

| **सिं न.** | **सेबाको किसिम** | | **रकम रु.** |
|---|---|---|---|
| **१** | कार्यालयवाट गरिने सामान्य सरजिमिन | | ३१०।- |
| **२** | स्थलगत सरजमीन | | १०००।- |
| **३** | नक्कल दस्तुर प्रति पाना | | रु ३।- |
| **४** | हरेक निबेदन दर्ता शुल्क प्रतिगोटा | | १० ।- |
| **५** | व्यवसाय दर्ता निवेदन शुल्क | | २००।- |
| ६ | स्थलगत प्राविधिक सेवा शुल्क | | १०००।- |
| **७** | साँध सीमाना प्रमााणित पक्की सडक क्षेत्रको | | ५००।- |
| **८** | साँध सिमाना प्रमाणीत कच्ची सडक क्षेत्र | | ३००।- |
| **९** | नागरिकता प्रमाणपत्र सिफारिस/नागरिकता प्रतिलिपि सिफारिस | | ३१० ।-/५००।- |
| | सरजमीन गर्न परेमा | | थप रु २००।- |
| **१०** | जग्गा नामसारी सिफारिस | | ३१० ।- |
| **११** | नाम थर संशोधन सरजमीन समेत | | ४०० ।- |
| **१२** | नाम थर संसोधन सिफारिस | | ३१० ।- |
| **१३** | निजी जग्गाको रुख कटानका लागि जिल्ला वन कार्यालयमा सिफरिश | | ३००।- |
| **१४** | व्यापार व्यवसाय नामसारी दस्तुर | | ६००।- |
| **१५** | घर कायम पक्की | | ५०० ।- |
| **१६** | घर कायम कच्ची | | ४०० ।- |
| **१७** | बन्दुक नविकरण | | १००० ।- |
| **१८** | अस्थायी टहरा निर्माण अनुमति | | २००० ।- |
| **१९** | छुट जग्गा दर्ता प्रति रोपनी | | ५०० ।- |
| **२०** | नीजी धारा विद्यूत टेलिफोन जडान | | ३१० ।- |

| सिं न. | सेबाको किसिम | | रकम रु. |
|---|---|---|---|
| २१ | आचरण सम्वन्धी सिफारिस | | ५०० ।- |
| २२ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क/व्यक्तिगत दर्ता घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | (३५ दिन सम्म निशुल्क) | ५० ।-/५००।- |
| २३ | विवाह प्रमाणीकरण स्वदेशी दुलही संग | | ३१० ।- |
| २४ | विदेशी दुलही संग | | ३१० ।- |
| २५ | अविवाहित प्रमाणिकरण | | ३००।- |
| २६ | सडक दूरी प्रमााणित | | ३१० ।- |
| २७ | जन्म प्रमाणीकरण | | ३१० ।- |
| २८ | नाता प्रमाणित | | ३१० ।- |
| २९ | बसोबास प्रमाणित | | ५०० ।- |
| ३० | नाफा मुलक संस्था दर्ता सिफारिश | | १००० ।- |
| ३१ | सेवा मुलक संस्था दर्ता सिफारिश | | ३०० ।- |
| ३२ | नीजी विद्यालय संचालन सिफारिस | | आधाारभूत तह १००० ।- |
| | | | माध्यमिक तह २००० ।- |
| ३३ | नीजी विद्यालय कक्षा थप सिफारिस | | आधारभूत तहू ५०० ।- |
| | | | माध्यमिक तह रु १००० ।- |
| ३४ | मोही नाम सारी सिफारिस | | ३६० ।- |
| ३५ | ठुला उद्योग स्थापाना सिफारिस | | २००० ।- |
| ३६ | मझौला उद्योग स्थापाना सिफारिस | | १०००।- |
| ३७ | साना उद्योग स्थापाना सिफारिस | | ५००।- |
| ३८ | जीर्ण रुखको हांगा विंगा छांटकांट स्वीकृती | | ५०० ।- |

| सिं न. | सेबाको किसिम | | रकम रु. |
|---|---|---|---|
| ३९ | नेपाली पेन्सन पटा सम्वन्धी सिफारिस | | ३१० ।- |
| ४० | भारतीय पेन्सन पटा सम्वन्धी सिफारिस | | ५०० ।- |
| ४१ | अन्य मुलुकको पेन्सन पटा सम्वन्धी सिफारिस | | ७०० ।- |
| ४२ | अपुताली संवन्धी सिफारिस | | ३१० ।- |
| ४३ | अन्य अंग्रेजी रुपान्तरित प्रमाणित कागजात | | ५०० ।- |
| ४४ | आय प्रमाीणित ५,००,००० लाख सम्म | | ५०० ।- |
| | त्यसपछि रु १०,००,००० ।- सम्म | | १००० ।- |
| | १०००००० ।-देखि माथि १५००००० ।- लाख सम्म | | १५०० ।- |
| | १५००००० ।- देखि २०००००० ।-सम्म | | २००० ।- |
| | सोभन्दा माथि | | २५०० ।- |
| ४५ | जग्गा मूल्यांकन प्रति सय | | रु.०।२० पैसा |
| ४६ | घुमन्ते जादुगर | | १०० ।- |
| ४७ | सर्कस इलेक्ट्रोनिक पिङ समेत प्रति दिन | | ५०० ।- |
| ४८ | होर्डिङ वोर्ड स्विकृति दस्तुर प्रति वर्ग फिट ( विज्ञापन समावेश नभएको ) | | १५।- |
| ४९ | सुर्ति र मदिराजन्य वाहेकको विज्ञापनमा प्रति वर्ग फिट | | ३०।- |
| ५० | उद्योग धन्दा नामसारी सिफारिश | | १०००।- |
| ५१ | पेट्रोल पम्प स्थापना सिफारिश | | २०००।- |
| ५२ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि | | ५००।- |
| ५३ | बिद्युत जडान सिफारिस | | ३१०।- |
| ५४ | चार किल्ला प्रमाणित | | ५००। |

| सिं न. | सेबाको किसिम | | रकम रु. |
|---|---|---|---|
| ५५ | अन्य कुनै प्रकारका सिफारिस | | ३१०।- (न्यूनतम) |

यसका साथै उल्लेखित कर तिर्ने दायित्व भएका ब्यक्ति वा सँस्थाहरुलाइ कुनै पनि किसिमको कर छुट दिन नहुने तथा अन्य कर तथा शुल्क सङ्कलन सम्वन्धि निश्चित ऐन-नियम, कार्यविधि तथा कानूनी प्रकृया पूरा गरी सम्वन्धित गाउँ पालिकाले तोके बमोजिम निर्धारण गरी लागू गर्न सकिने ।

**नोट:- गाँउपालिका क्षेत्रभित्रका फरक क्षमता भएका , आर्थिक अवस्था कमजोर भएका तथा प्राकृतिक प्रकोप जस्ता सिफारिसहरुमा प्रकृति हेरी कर छुट दिन सकिने ।**

नोट– राजस्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुने। स्थानीय तहका राजस्व शिर्षकहरु नतोकिएसम्म यसै वमोजिम गर्ने।